"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४
चलानी नं. :-

मिति :- २०८३-०४-२५

सुचना नं : १४

## बाँसको प्रशोधन (ट्रिटमेन्ट) तथा सामाग्री निर्माण सम्बन्धी तालिम सम्बन्धमा।

स्थानीय कच्चा पदार्थको सदुपयोग गर्दै आफ्नै गाउँ-ठाउँमा उद्यमशीलता, स्वरोजगारी र उत्पादन बढाउने उद्देश्यका साथ विहादी गाउँपालिकाले आफ्नो बासँ प्रशोधन केन्द्रमा कार्यस्थलमा आधारित **"बाँसको प्रशोधन (ट्रिटमेन्ट) तथा सामाग्री उत्पादन सम्बन्धी तालिम"** सञ्चालन गर्न गइरहेको छ। प्रविधि हस्तान्तरण, सीप विकास र बजारसँग जोड्ने यो उत्कृष्ट अवसरको लाभ उठाई व्यावसायिक रूपमा आत्मनिर्भर र उद्यमी बन्न इच्छुक १८ देखि ५५ वर्ष उमेर समूहका गाउँपालिकावासीहरूलाई १५ दिनभित्र आवेदन दिन हार्दिक आह्वान गरिन्छ।

**तालिममा सिकाइने प्रमुख ३ विधाहरु:**

**१. फर्निचर (Furniture):**

आकर्षक कुर्सी, टेबल, सोफा, स्टुल, प्लाङ (बेड/खाट), र बहु उपयोगी र्याकहरू।

**२. हस्तकला (Handcraft):**

आधुनिक बत्ती / ल्याम्प शेड, पेन होल्डर, सजावटी सामान, ढक्की, नाङ्लो तथा साना बास्केटहरू।

**३. एड्भान्स निर्माण (Advanced Bamboo Construction):**

बाँसको प्रयोग गरी आधुनिक घर, इको-कटेज, होमस्टे संरचना, बार (Fencing) र ट्रस निर्माण गर्ने विशेष एड्भान्स तालिम।

**अत: स्थानीय कच्चा पदार्थ र सीपलाई आधार बनाई आफ्नै गाउँमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न चाहने सम्पूर्ण इच्छुक स्थानीय बासिन्दालाई यस कार्यक्रममा सहभागी भई यस अवसरको अधिकतम सदुपयोग गर्न विहादी गाउँपालिका हार्दिक अनुरोध गर्दछ।**

**पुनश्च:** सूचना सम्बन्धी विस्तृत जानकारीका लागि गाउँपालिकाको कार्यालय तथा **९८६७९४६०३१** / **९८६४२४८८५०** मा सम्पर्क गर्नुहुन अनुरोध छ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत